## पारदर्शिता, सु-शासन र जवाफदेहिताको लागि

# जिल्ला विकास समिति, खोटाङ आव २०७२/०७३ को

# सामाजिक परिक्षण प्रतिवेदन

## जिल्ला विकास समितिको कार्यालय
## खोटाङ

बुझाउने

***सामाजिक परिक्षक***

*दिपनारायण रिजाल*

**email-rijaldn2@gmail.com**

# विषय-सूची


| क्र.सं. विवरण | पृष्ठ |
|---|---|
| १ पृष्ठभूमि | २ |
| २.सामाजिक परीक्षणको उद्देश्य | २ |
| ३. अध्ययन विधि | २ |
| ४.अध्ययनको सीमा | ३ |
| ५.बृहत्  छलफल कार्यक्रमको विवरण | ३ |
| ६.स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरणहरु | ३ |
| ७. जिविस खोटाङ आ.व.२०७२/०७३ को सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन | ४ |
| ७. १.खोटाङ जिल्लाको सामान्य परिचय | ४ |
| ७.२.खोटाङ जिल्लाको प्राथमिकता तथा लक्ष्यहरू: | ५ |
| ७.३.आ.व.२०७२/०७३ को मुख्य मुख्य उपलब्धिहरू | ८ |
| ७.४.यस (आ.व.२०७२।०७३) मा भोगेका समस्याहरू | ९ |
| ८. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु | ९ |
| ९. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु | ९ |
| १०. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु | १० |

## ईकाई -१

### १. पृष्ठभूमि

नेपाल सरकार स्थानीय विकास मन्त्रालयलेआफू मातहतका निकायहरु स्थानीय निकायहरु जिल्ला विकास समिति, नगरपालिका र गा.वि.स.को सामाजिक परिक्षण गर्नको लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ को नियम २०१(१) बमोजिम स्थानीय निकायहरुले एक आर्थिक वर्षमा समग्र जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखागर्ने कार्यलाई ब्यबस्थित गर्न लाई "स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि, २०६७" तर्जमा गरी लागु गरेको छ । अतः समाजिक परिक्षण गर्नको लागि आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिना भित्र गर्ने ब्यवस्था गरेको छ । यस जिल्लामा पनि यस आर्थिक वर्षबाट स्थानीय निकाय अन्तरगत जिल्ला विकास समिति खोटाङको सामाजिक रुपमा लेखाजोखा गर्ने कार्यको थालनी गरिएको छ । यस कार्यलाई निरन्तरता दिनको लागिजिल्ला विकास समिति खोटाङ आगामी दिनमा सक्रिय वन्नु आवश्यक देखिन्छ ।

### २. सामाजिक परीक्षणको उद्देश्य

स्थानीय निकायहरुको परिक्षण गर्नुको मुख्य उदेश्यको रुपमा "स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि, २०६७" मा नै स्पष्ट उल्लेख गरेको छ । जस अनुसार स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने रहेको छ । अझ यसलाई विशिष्ट उद्देश्यको रुपमा निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- स्थानीय निकायले संचालन गरेका गतिविधिबारे सरोकारवालाहरुलाई प्रत्यक्ष रुपले सूसुचित गराउने ।
- आफ्नो जिम्मेवारी सही रुपले परिपालना गरी परिणाम हासिल गर्ने ।
- विकास प्रक्रियामा नागरिकको सक्रिय सहभागिताको अभिबृद्धि गर्ने ।
- राज्य र नागरिक/जनता वीच नजिकको संबन्ध बनाउने ।
- जनताको प्रभाव शासन प्रक्रियामा स्थापित गर्ने ।
- नागरिक र समुदायको क्षमता अभिबृद्धि गर्ने ।
- सामाजिक रुपान्तरणमा सहयोग पुऱ्याउने ।
- नागरिकको सेवा गुणस्तर कायम गर्ने र
- सार्वजनिक श्रोत र साधनको गुणस्तर र दक्षताको विश्लेषण गरी भावी कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउने ।

### ३. अध्ययन विधि र प्रक्रिया

कुनै पनि विषयको अध्ययन गर्ने विधि तथा प्रकृयाहरुको कुरा गर्दा सम्वन्धित विषयमा भर पर्ने गर्दछ । जहा सम्म यस सामाजिक परिक्षण गर्नको लागि गरिएको अध्ययन विधि तथा प्रक्रिया छ त्यसको संक्षिप्त रुपमा निम्न रहेका छन्:

- सन्दर्भ सामग्री अध्ययन तथा पुनरावलोकन र समीक्षा ।
- जिल्ला विकास समिति खोटाङको सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण ।
- सामाजिक परीक्षण समन्वय समितिगठन तथा समिति परिचालन ।

- सूचनातथाविवरण संकलन.
- स्थानीय विकास अधिकारी, अन्य जिल्ला विकास समितिका कर्मचारीहरुसँग भेटघाट तथा संक्षिप्त अन्तरवार्ता ।
- समूह छलफल ।
- जिल्ला विकास समिति खोटाङको स्थलगत अवलोकन तथा निरीक्षण ।
- प्रारम्भिक प्रतिवेदन तयारी तथा प्रस्तुतितकरण।
- सामाजिक परिक्षणको अन्तिम प्रतिवेदन तयारी ।
- प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन ।

## ४. अध्ययनको सीमा

स्वभाविक रुपमा कुनै पनि विषयलाई पुरा गर्नको लागि समय अवधिको आवश्यकता हुन्छ । समय र परिस्थिति जटिल बन्दै गएको अवस्थामा सिमित श्रोत र साधनले धेरै कुराहरु पुरा गर्नु पर्ने वाध्यता हुन्छ । अतः उक्त सिमित श्रोत र साधनलाई पुर्ण रुपमा प्रयोग गर्दै यहा निम्न कुरालाई अध्ययनको सिमा तोकिएको छ ।

- यस अध्ययनको लागि सिमा यस जिल्ला विकास समिति खोटाङको आ.व.२०७२/०७३ कार्यसम्पादनलाई आधार वनाइएको छ ।
- यस कार्यक्रममा उपलब्ध तथ्याङ्क तत्काल सम्बन्धित सरकारी निकायहरु तथा सरोकारवाला गैर सरकारी संस्थाहरुसँग उपलब्ध सहायक तथ्याङ्कहरुलाई आधार वनाइएको छ ।
- समग्रतबाट केही अंशलाई प्रतिनिधिमुलको आधार वा क्षेत्रको छनौट गरी समग्रतामा अध्ययन गर्न खोजिएको हुँदा सम्पुर्णताको अध्ययन गर्दा अझै बढि निष्कर्ष निकाल्न बढि सत्यताको नजिक पुग्न नसकिएको पनि हुनसक्छ ।

## ५.बृहत् छलफल कार्यक्रमको विवरण

सामाजिक परिक्षण कार्यलाईनिर्धारित समयमा सम्पन्न गर्नको लागि आ.व.२०७२/०७३ को समाप्त भएको मितिले ४ महिना अर्थात कात्तिक महिना भित्र सम्पन्न गर्नु पर्ने भए अनुरुप जिल्ला विकास समिति खोटाङको आ.व.२०७२/०७३ को सामजिक परिक्षण कार्य निम्न स्थान तथा मितिमा सम्पन्न गरिएको थियो ।

१. **मिति:**२०७३ साल भदौ २७ गते

२. **स्थान:**जिल्ला विकास समिति, खोटाङको सभाहल

३. **समय:** ३ घण्टा

**६.स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण**

स्थानीय निकायहरुको सामाजिक परिक्षण गर्नको लागि स्थानीय निकास सामाजिक परिक्षण कार्यविधि,२०६७ ले आवश्यक पर्ने विधि तथा प्रकृयाहरुको बारेमा स्पष्ट व्यवस्था गरे अनुसार सरकारी कार्यालयहरुको लागि अनुसूची २ तथा गैर सरकारी संघ संस्थाहरुको लागि अनुसूची ३ को व्यवस्था गरेको छ । तद् अनुसार जिल्ला विकास समिति खोटाङअन्तरगत कार्यरत स्थानीय निकाय र विषयगत कार्यालय तथा गैर सरकारी संस्थाहरुको विवरणहरु संकलन गर्नको लागि अनुसूची २ र ३ को फारम भरी प्रस्तुती गरिएको थियो । सो विवरणहरुलाई तल उल्लेख गरिएको छ ।

## ईकाई -२

७. जिल्ला विकास समिति खोटाङ आ.व.२०७२/०७३ कोसामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन

**स्थानीय निकायको नाम:जिल्ला वकास समिति खोटाङ, दिक्तेल**

**मिति : २०७३ साल भदौ २७ गते**

**७.१ जिल्ला विकास समिति खोटाङको परिचय**

**७.१.१ भौगालिक विभाजन**

क्षेत्रफल : १५९१ बर्ग कि.मी

सिमाना : पूर्व भोजपुर , पश्चिममा ओखलढुङ्गा , उत्तरमा, सोलुखुम्बु र दक्षिणमा उदयपुर

उचाई : १५२ मिटर देखि ३६२० मिटर सम्म (समूद्री सतहदेखि)

तापक्रम : न्यूनतम ५$^{0}$ सेल्सियस, अधिकतम ३०$^{0}$ सेल्सियस

औषत वर्षा : १४८ मी.मी.

हावापानी : ठण्डा, शीतोष्ण र समशीतोष्ण प्रदेशिय

मुख्य नदीहरु : सुनकोशी, दूधकोशी, रावाखोला, सावाखोला, साप्सु आदि।

प्रमुख टाकुराहरु : टेम्के, मैचे,मेरुड.,सेल्मे,साल्पा र चित्रे

**७. १.२ राजनैतिक विभाजन**

जिल्ला : खोटाड.

जिल्ला सदरमुकाम : दिक्तेल

संसदीय निर्वाचन क्षेत्र : २

ईलाका : १३

नगरपालिका : १

गाविस : ७२

अञ्चल : सगरमाथा

### ७.१.३ जनसंख्या विवरण: (२०६८ को जनगणना अनुसार)

| | |
|---|---|
| पुरुष | : ९७०९२ |
| महिला | : १०९२२० |
| जम्मा | : २०६३१२ |
| घरधुरी संख्या | : ४२६६४ |
| सरदर पारिवारिक आकार | : ५.२७ |
| जनघनत्व | : १३० प्रति वर्ग किलोमिटर |

### ७.२. जिल्ला विकास समिति खोटाङका प्राथमिकता तथा लक्ष्यहरू:

स्थानीय निकाय अन्तरगत रहेको यस खोटाङ जिल्ला विकास समितिले आवधिक जिल्ला विकास योजना( २०६८/०६९ देखि २०७२/०७३)तयार गरी लागु गरेको थियो । उक्त आवधीक पञ्चवर्षिय योजनाले निर्धारण गरिएको दिर्घकालीन सोच, निर्देशक सिद्धान्त,लक्ष्य र उद्देश्यहरुका आधारमा वार्षिक योजना निर्माण हुने र उक्त आवधिक योजनाले राखेको उद्देश्य पुरा गर्न वार्षिक योजानले सहयोग पुऱ्याउने भएकाले सोही आधारमा यस प्रस्तुमा विश्लेषणको प्रयास गरिएको छ ।

### ७.२.१ जिल्ला विकासको दीर्घकालीन सोंच (Long Term Vision)

***श्रृजनशील खोटाङको चाहना ! समतामूलक, आत्मनिर्भर र समृद्ध समाजको स्थापना !!*** (आवधिक योजना अनुसार)

### ७.२.२ जिल्ला विकासका लागि निर्देशक सिद्धान्त (Guiding Principle)

१. स्थानीय सुशासन र पारदर्शितालाई अवलम्वन गरी जनतामा पुऱ्याइने सेवा तथा सुविधा भरपर्दो, व्यवहारिक र सरल तुल्याइनेछ ।

३. जनसवलीकरण गर्दै जनसहभागितामा आधारित दीगो विकास रणनीति अवलम्वन गरिनेछ ।

४. सबै जातजाति, भाषाभाषी, धर्म, वर्ग, लिङ्ग, समुदाय र पछि परेका क्षेत्रको समविकासको नीति अपनाइनेछ ।

५. वातावरण संरक्षण र दीगो विकासको प्रवर्द्धन गर्ने कार्यमा जोड दिइनेछ ।

६. नागरिक समाजको सुदृढीकरण र परिचालनद्वारा जिल्लाको समष्टीगत विकासमा टेवा पुऱ्याइनेछ ।

७. योजनाबद्ध ग्रामीण विकास र शहरीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८. मानव अधिकारको प्रत्याभूति हुने गरी जनतामा असल शासनको अनुभूति दिलाइनेछ ।

९. स्थानीय समुदायमा आधारित संस्थाहरुको विकास र प्रवर्द्धन गरी सामाजिक परिचालनलाई ग्रामीण विकासको प्रवेश विन्दुको रुपमा सञ्चालन लिइनेछ ।

११. रोजगारीमूलक प्रविधिद्वारा वस्तु तथा सेवा उत्पादनमा वृद्धि गरी जनताको सामाजिक-आर्थिक जीवनस्तरमा सुधार ल्याइनेछ ।

१२. स्थानीय श्रोत साधन र सीपको समुचित उपयोग गरी स्थानीय विकासलाई प्रवर्द्धन गरिनेछ ।

१३. सूचना तथा संचार प्रविधिको सदुपयोग गरी जिल्ला विकासको अभियानलाई तीब्र गतिले अगाडि बढाइनेछ ।

१५. सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रसँग सहकार्य र साझेदारीको नीति लिई स्रोत साधन प्रभावकारी ढंगले उपयोग गर्न जोड दिइनेछ ।

१६. स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरु बीच सुसम्बन्ध विकास गरी यिनीहरुलाई जिल्लाको हितमा उपयोग गरिनेछ ।

१७. प्राकृतिक सम्पदा, कला, संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै पर्यटन व्यवसायको विकास र बिस्तार गरिनेछ ।

१८. जलश्रोत, कृषि, वन र पर्यटन उद्यमलाई जिल्ला विकासको आधारस्तम्भको रुपमा अपनाइनेछ ।

### ७.२.३ लक्ष्य (Goal)

खोटाङ जिल्लावासीको आर्थिक तथा सामाजिक अवस्थामा उल्लेखनीय सुधार भएको हुनेछ ।

### ७.२.४ उद्देश्य (Out come) :

१. कृषकहरुको आयस्तरमा उल्लेखनीय बृद्धि भएको हुनेछ ।
२. जिल्लावासीको शैक्षिक अवस्थामा सुधार भई रोजगारीको स्तरमा प्रभावकारी बृद्धि भएको हुनेछ ।
३. जिल्लावासीको स्वास्थ्य अवस्थामा उल्लेख्य सुधार आएको हुनेछ ।
४. महिला बालबालिका तथा लक्षित वर्गको श्रोत, साधन, सेवा र सुविधामा पहुँच बृद्धि भई सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक एवं मानवीय विकासको स्थितिमा सुधार आएको हुनेछ ।
५. उद्योग, वाणिज्य, संस्कृति तथा पर्यटन विकासको क्षेत्रमा लागेका जिल्लावासीहरुको आमदानीमा उल्लेख्य मात्रामा बृद्धि भएको हुनेछ ।
६. वन, वातावरण तथा भूसंरक्षणको लागि दीगो व्यवस्थापन गरी स्थानीय जनताको आर्थिकस्तरमा बृद्धि भएको हुनेछ ।
७.आधारभूत भौतिक पूर्वाधारको निर्माण-विकास पूरा भई जिल्लावासीको जीवनस्तरमा उल्लेखनीय बृद्धि भएको हुनेछ ।
८. प्रकोपबाट हुने क्षतिमा उल्लेखनीय रुपमा न्यून हुनेछ ।

९.खोटाङ जिल्लाको स्थानीय सुशासनको स्थितिमा सुधार भएको हुनेछ ।

१०. जिल्लाका सवै कार्यालयमा नागरीक बडापत्र अद्यावधि भएको हुनेछ ।

**७.३. यस वर्षको मूख्य मुख्य उपलब्धीहरु :**

- पूजिगत खर्चमा उल्लेख्य बृद्धि (आ.व. २०७१।७२ मा ४८.८ र आ. व. २०७२।७३ मा ८७ प्रतिशत) र पेस्की बाँकी रहने समयमा सुधार ।
- सडक सञ्जालले जोड्न बाँकी १० गाविस मध्ये २ वटा गाविसमा सडक सञ्जाल विस्तार ।
- स्थानीय सडक सुधार कार्यक्रम मार्फत हुर्लङ ऐसलुखर्क सडकको कुल ४२ कि.मि. मध्ये १६.३४ कि.मि. स्तरोन्नति । विभिन्न ५ म्चक्रल सडकहरुको १३८.५ कि.मि. मर्मत कार्यबाट १८५६८६ श्रम ( ५१६६) दिन बरावरको रोजगारी सिर्जना
- २६ कि. वा.क्षमता भएको रुवा खोला लघु जलविद्युत योजना सम्पन्न भई देविस्थान गाविसमा विद्युतिकरण भएको ।
- २० वटा सिंचाई योजना सम्पन्न गरी थप ३४७.५ हेक्टर जमिन बाह्रैं महिना सिंचित ।
- खुल्ला दिसा मुत्त जिल्ला घोषणा
- आवधिक जिल्ला विकास योजनाको मध्यावधि समिक्षा गर्ने पहिलो जिल्ला ।
- ६१ गाविस साक्षर गाविस घोषणा
- ९ वटा गाविस पूर्ण खोपयुक्त गाविस घोषणा ।
- दित्तेल न.पा. बडा नं २ मा बाल उद्यम पार्क निर्माण ।
- "मेरो पहिचान श्रमको सम्मान" नारा दिई ३ पटक सार्वजनिक महत्वको स्थानमा राजनैतिक दल, कर्मचारी, तथा स्थानीयबाट श्रमदान ।
- जिविसलाई प्रविधिमैत्री बनाई सुशासन प्रवर्धन गरिएको ।
- नियमित प्रेस भेटघाटको सुरुवात गरी विकास निर्माण कार्यमा Media को भूमिकालाई अझ प्रभावकारी बनाईएको ।
- सहजीकरण समूह गठन गरी उपभोक्ता समितिहरुको विवाद समाधानको थालनी ।

### ७.४. यसबर्ष (आ.व.२०७२/०७३) मा भोगेका समस्याहरू:

- आन्तरिक श्रोत न्यून ,बढदो योजनाको माग
- पुरानो बेरुजु फछ्र्यौट हुन नसक्नु
- जिविस र गाविसका कर्मचारीहरुलाई क्षमता विकास तालिमको अभाव
- साना लागतका आयोजना संख्या बढी हुँदा तोकिएको लक्ष्य समयमै हासिल गर्न कठिनाई
- सडक लम्बाइ बढी तर नियमित मर्मतमा रकम विनियोजन गर्न नसकिनु
- आ.व.को अन्त्यमा बजेट थप गरि अख्तियारि प्राप्त हुन आउनु
- आयोजना केन्द्रबाटै तोकिएर आउनु
- तोकिएको मिति सम्ममा पनि उपभोक्ता समिति सम्झौता गर्न नआउनु
- उपभोक्ता समितिले सडक निर्माण गर्दा उपकरण प्रयोग गर्न पाउन माग गर्नु
- उपभोक्ता समितिमा शिक्षक र राजनितिक दलका कार्यकर्ताहरुको उल्लेख्य उपस्थिति रहनु

## इकाई-चार

### ८. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु

जिल्ला विकास समिति खोटाङको आ.व.२०७०/०७१ को सामाजिक परिक्षण गर्नको लागि जिल्ला विकास समिति, विषयगत निकायहरु र गैर सरकारी संस्थाहरु मध्येबाट यस जिल्लामा कार्यरतहरुकोतथ्याङ्क संकलन गरेर प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । उक्त सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरुलाई हेर्दा निम्न रहेको पाईयो ।

- ☞ सहभागीहरुको उपस्थिति उत्साहपुर्ण रहेको थियो ।
- ☞ जिल्ला विकास समितिसँगसरोकारवालाहरुको धारणा धारणा सकारात्मक रहेको पाईयो ।
- ☞ जिल्ला विकासले तय गरेको खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियानमा प्रभावकारी कार्य सम्पादन गर्दै अगाडि वढेको पाइयो ।
- ☞ जिल्ला विकास समितिले आवधिक योजना तर्जुमा गरी लागु गरेको पाइयो ।
- ☞ वंचितिकरणमा परेका समुदायहरु लक्ष्यित कार्यक्रमले प्राथमिकता पाएको देखियो ।
- ☞ आय आर्जन तथा सिप विकासको लागि कार्यहरु थालनी गरिएको केहीले व्यवसायीक आय आर्जन गर्न थालेका ।
- ☞ विकास निर्माणको लागि स्थानीय आवश्यकतामा आधारित योजना छनौट, कार्यान्वयन र अनुगमन प्रकियालाई प्रभावकारी बनाएको ।
- ☞ अन्य विकास निर्माणका कार्यहरुमा समुदायलाई प्रभावकारी बनाउन सहजीकरण गरिएको ।
- ☞ सरकारी तथा गैरसरकारी निकायहरुवीच समन्वय प्रभावकारी रहेको पाइयो ।

### ९. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु

- ♣ स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि, २०६७ ले व्यवस्था गरे अनुसार अनुसूचीका विवरणहरु पर्याप्त मात्रामा उपलब्ध हुन नसक्नु ।

**१०. सामाजिक जिम्मेवारी पुरा गर्न जिविस खोटाङले चाल्नु पर्ने कदमहरु वा सुझावहरु**

- ✓ सामाजिक परिक्षणको लागि आगामी दिनमा पूर्व तयारीको तथ्याङ्कहरुलाई अध्यावधिक गर्दै जान सकिएमा राम्रो हुने छ ।
- ✓ सामाजिक परिक्षण कार्य अनिवार्य हुने भएकोले पूर्व तयारी अप्नाउनु पर्ने ।

**सामाजिक परीक्षक**

नाम: *दिपनारायण रिजाल*

**दस्तखत :**

**मिति:२०७३ साल कार्तिक ५ गते**